# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक




बेनीमा सांस्कृतिक महोत्सव अन्तिम पृष्ठमा


वर्ष ९ अङ्क २८ पूर्णाङ्क ४१७ | आइतवार, चैत्र १३, २०७३ | March 26, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-


# बेनी अस्पतालको मुहार फेरिँदै

- शल्यक्रिया सेवाले सर्वसाधारणलाई राहत
- सरकारी अस्पतालप्रति जनविश्वास बढ्दो
- पूर्वाधार थप र उपकरण जुटाउन पहल
- पचास शैया क्षमताको भवन बन्दै

■ सन्तोष गौतम/नवविकल्प

हर्नियाको समस्या भएका रघुगंगा गाउँपालिका ३ पिप्लेका क्षेत्रबहादुर खत्रीले बेनी स्थित जिल्ला अस्पतालमा यसै हप्ता शल्यक्रिया गर्नुभयो । "बि" नेगेटिभ रगत र मुटुको समस्याले थलीएकी धौलागिरी–२ लुलाङकी ५१ वर्षिया मनकुमारी विकले बेनीमै शल्यक्रिया गरेर स्वास्थ्य लाभ गर्नुभयो ।



पोखराको गण्डकी अस्पतालका चिकित्सकले तत्कालै शल्यक्रिया गर्न नसकिने बताएपछि निराश हुँदै घर फर्कने क्रममा विकलाई आफन्तले अन्तिम अवस्थामा बेनी अस्पताल पु¥याएका थिए । चिकित्सकका अनुसार बि नेगेटिभ रगतको कमि र उनको मुटुको चाल प्रतिमिनेट ७५ भन्दा माथि हुनुपर्नेमा ४६ मा झरेको थियो ।

दाहिने खुट्टा र कम्मरलाई जोड्ने ठाउँमा भएको सङक्रमणका कारण एउटा खुट्टा चलाउनै नसक्ने गरी कुजीएपछि गत माघमा बेनी अस्पताल ल्याइएकी लुलाङकै पानु विक एक वर्षदेखिको स्वास्थ्य समस्याबाट मुक्त भई आफैं हिडेर घर फर्कीइन ।

क्षयरोग र कुपोषणको शिकार भएकी विकको शल्यक्रियाका साथै दुई महिनासम्म चिकित्सकको निगरानीमा उपचार गरिएको थियो । अस्पतालमा ल्याउँदा २३ किलोग्राम तौल भएकी उनि फर्कदा ४३ केजीकी भएकी थिइन ।

पिप्लेका खत्री, लुलाङका मनकुमारी र पानु जस्ता संयौं बिरामीहरूले जिल्लाकै सरकारी अस्पतालमा सर्भसुलभ र सहज रूपमा शल्यक्रिया सहितको सुबिधा पाएपछि राहत महशुस गरेका छन् ।

अस्पतालले जटिल प्रसूति, हाडजोर्नी, हाईड्रोशील, हर्नीया, पत्थरी, एपेन्डीसाईट्स, पाठेघर खस्ने, छालाको प्रत्यारोपण गर्नुपर्ने लगायत समस्या भएका बिरामीलाई शल्यक्रिया सहितको सेवा प्रदान गरेको छ । बेनीमा शल्यक्रिया सेवा पाएपछि धेरै रकम र समय खर्च गरेर उपचारका लागि जिल्ला बाहिरका अस्पतालमा जानुपर्ने समस्यामा कमी आएको छ ।

गरिब तथा विपन्न सर्वसाधारणको उपचार सेवामा पहुँच बढ्नुका साथै समय र आर्थिकको बचत भएको हर्नीयाको शल्यत्रिया गर्नुभएका खत्रीले बताउनुभयो । "काठमाडौं, पोखरा, चितवन जाँदा धेरै खर्च र समय लाग्दथ्यो" खत्रीले भन्नुभयो "बेनीमै सुबिधा पाएपछि सजिलो भयो । राहत मिलेको छ ।"

अस्पतालमा हालसम्म ८४ वटा जटिल र साउन देखि यता १४८ वटा मध्यम किसीमका शल्यक्रिया भएको छ । वि.स २०७१ देखि शल्यक्रिया मार्फत जटिल किसीमको प्रसूति गराउने सेवा सुरू गरेको अस्पतालले गत वर्षदेखि अन्य शल्यक्रिया समेत सुरू गरेको थियो ।

पाठेघर बाहीर बच्चा बसेको, छालाको प्रत्यारोपण, अण्डकोष तल नझरेको, चक्कु प्रहारबाट फोक्सोमा रगत र हावा जमेर अचेत भएका, नसा चुडिएका, हड्डीले ठाउँ छाडेर जटिल अवस्थामा पुगेका बिरामीको


***बाँकी पृष्ठ ७ मा***


संरक्षण र उत्खननको पर्खाइमा

# ठाडाखानीको तामाखानी

■ नवविकल्प डेस्क



तामाखानी क्षेत्रमा भेटिएका तामाका टुक्राहरु देखाउँदै ठाडाखानीका बासिन्दा ।

तस्विर नवविकल्प

म्याग्दीको रघुगंगा गाउँपालिका ६ ठाडाखानीमा रहेको तामाखानी संरक्षण र उत्खननको पर्खाइमा रहेको छ ।

डेढ शताब्दीदेखि बन्द अवस्थामा रहेको तामाखानी संरक्षणको अभावमा बेवारीसे बनेको छ । साविक पाखापानी गाविसको ५ र ६ नम्बर वडामा पर्ने ठाडाखानी गाउँ भन्दा माथि पहाडको फेदीमा रहेका खानीहरू संरक्षण नहुँदा पुरीदै गएका छन् ।

तत्कालीन सरकारले आम्दानी भन्दा बढी कर (भेजा) तिर्नुपर्ने व्यवस्था गरेपछी खानी बन्द भएको ठाडाखानीका ८८ वर्षिय रनप्रसाद छन्त्यालले बताउनुभयो । दुई पुस्ता अघिसम्म खानीबाट तामा उत्खनन् भएको उहाँको भनाई छ ।

पूर्णगाउँ स्थित पहाडको फेदीमो १२ वटा सुरूङहरू रहेका छन् । ठाडाखानीमा बसोबास गर्ने छन्त्याल समुदायका पुर्खाहरूले ती सुरूङभित्र छिरेर तामा उत्खनन् गरी जिविकोपार्जन गर्दै आएका थिए । ठाडाखानीको तामा भाडावर्तन र सिक्का बनाउन प्रयोग हुने गरेको थियो । देशका विभिन्न ठाउँका ब्यापारीहरू तामा किन्नका लागि गाउँमै पुग्ने गरेका थिए । तामाबाट ताउला, गाग्री लगायतका भाडाहरू बनाउने गरिन्छ । अहिले नेपाली बजारमा आयातीत तामाको प्रयोग हुने गरेको छ ।

तामाखानी बन्द भएपछि ठाडाखानीका छन्त्याल समूदायले कृषि, पशुपालन र बैदेशीक रोजगारी अपनाएका छन् । अध्ययन, अनुसन्धान गर्ने हो भने अहिले पनि तामा उत्खननको सम्भावना रहेको स्थानीय बासिन्दा नरेश छन्त्यालले बताउनुभयो । आधुनिक प्रबिधि र यन्त्र उपकरणको विकास भएकाले तामा


***बाँकी पृष्ठ ७ मा***





प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

## जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

## शर्मा डेस्कटप, बेनी

डिजाइन सम्बन्धी कामका लागि सम्झनुहोस्...

मो.नं. ९८५७६२१५६०

## STUDY & WORK IN JAPAN

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice
  TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

**S. Raj Language Institute (P) Ltd.**

*Sangam Chock-Beni*

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

## सूचना

बर्ड फ्लुको खतराबाट जोगिन हामी सबै सतर्क र सचेत होऔं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

5f\]s/L

# छारेरोगीको उपचारमा पहुँच बढाउन पहल

■ नवविकल्प

छारे रोगीको औषधि उपचार सेवामा पहुँच बढाउन म्याग्दीमा कार्यक्रम सञ्चालन भएको छ । आयरल्याडको साथी नेपाल संस्थाको सहयोगमा नेपाल छारे रोग संघले आगामी सन २०१८ सम्मका लागि कार्यक्रम लागू गरेको हो । म्याग्दीको एक नगरपालीका र पाँच गाउँपालिकाको सबै वडा तहमा कार्यक्रम मार्फत छारेरोगीको उपचारमा पहुँच बृद्धी र सामाजिक ब्यवहारमा परिवर्तन ल्याउने गतिबिधि सञ्चालन हुने संघले जनाएको छ ।

स्वास्थ्यकर्मीलाई तालीम, छारेरोगीको पहिचान, परामर्श, उपचार, औषधि, सचेतना अभिवृद्धिका गतिबिधि सञ्चालन गरिने संघका जिल्ला संयोजक चित्र तिलीजा पुनले जानकारी दिनुभयो । नसर्ने रोगको सूचीमा रहेको छारेरोग लुकेर रहेको स्वास्थ्य समस्या मानिन्छ ।

म्याग्दीमा करिब सात सय जना छारेरोगबाट प्रभावित रहेको संघको तथ्याङ्क छ । संघले कार्यक्रमको बारेमा बेनीमा एक कार्यक्रमको आयोजना गरेर सरोकारवालाहरूलाई जानकारी गराएको थियो । बुधबार र बिहीबार बेनीमा सञ्चालित तेस्रो ग्रामीण छारेरोग कार्यशाला गोष्ठिमा सरोकारवाला र स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा दातृ संस्था साथी नेपालका यान, मानसिक रोग विशेक्षज्ञ कपील शर्मा, संघका महासचिव शंकर मालाकार, चिकित्सक हेमराज भण्डारीले सहजिकरण गर्नुभएको थियो ।


शान्ति सन्देश

स्थायी शान्तिका लागि आ-आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।

शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति
म्याग्दी







प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. बुद्धि महत प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४९८३३२३८) (मो.नं. ९८४७८११७१)

महत न्यू फेन्सी पसल

न्यूरोड, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सूचना ! सूचना !! सूचना !!!

विगत लामो समय देखी यहाँहरुको माझमा सेवा गर्दै आएको ताजा चाउमिनको मूल्यका साथै तौलमा वृद्धि भएको समस्त ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौ । प्रतिकिलो चाउमिनको मूल्य ७५ रुपैयाँ कायम भएको जानकारी गराउँदछौ ।

जाल्पा चाउमिन उद्योग-बेनपा ६, म्याग्दी
कालीगण्डकी चाउचाउ उद्योग-मिलनचोक, पर्वत


# सातका तस्वीर

सन्तोष गौतम





*जातिय पहिचान : प्रथम धौलागिरी सांस्कृतिक महोत्सव उद्घाटनका क्रममा बेनीमा निकालीएको झाँकी सहितको र्‍यालीमा सहभागि मगर समुदाय । महोत्सव उद्घाटन अघि बेनीमा विभिन्न जातजातीका झाँकी सहितको र्‍यालीले बजार परिक्रमा गरेको थियो ।*



*कक्षाकोठा भवन : रघुगंगा गाउँपालिको ठाडाखानी स्थित मालिका आधारभुत विद्यालयमा निर्माण भएको कक्षा कोठा भवन । जिल्ला शिक्षा र अमेरीकाको जिएनआई संस्थाको सहयोगमा ५ वटा कोठा भएको दुई वटा भवन निर्माण भएको विद्यालयमा थप ५ वटा कोठा भएको भवन आवश्यक छ ।*



*नदी नियन्त्रण योजना : जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय बागलुङ मार्फत बेनी नगरपालिका ९ गलेश्वर स्थित कालीगण्डकी नदी किनारमा गरिएको तटबन्ध । यस वर्ष ६० लाख रुपैयाँको लागतमा त्यहाँ तटबन्ध निर्माण गरिदैछ ।*

# बहस : जलजला गाँउपालिका केन्द्र विवाद र विकल्प

**... माझफाँट केन्द्रको पक्षमा चाँही बाँसखर्क, माझफाँटका तीन वडा, लेकफाँटको केही क्षेत्रले समर्थन गरेमा र माझफाँटका केही क्षेत्र विभाजन नभएमा २५ सदस्य पुग्ने सम्भावन उत्तिकै बलियो छ साथै अझै बलियो बनाउन केन्द्र बाँसखर्क तिर नलगी फड्केढुङगा तर्फ सहमति गर्न सके माझफाँटको ३ वटै वडा एक ढिक्का हुने साथै फड्केढुङगा-पिडाल्ला-रातमाटा मोटरबाटोको कारणले पनि लेकफाँट , सालिजाले समेत समर्थन गर्न सक्ने सम्भावन पनि छ।**



- सुरेश हमाल

पर्वत जिल्लाको उत्तरी क्षेत्र अर्थात जलजला गाँउपालिकाको केन्द्र सरकारले साविकको माझफाँट गाविस कार्यलय तोकेपछि बनौँ, नाग्लिवाङ, धाईरिङ, सालिजा र माझफाँटका केही क्षेत्रका जनताहरू केन्द्र पायक नभएको र सबैलाई पायक पर्ने ठाउँ मिलनचोकलाई केन्द्र तोक्नुपर्छ भन्दै केही दिनदेखि आन्दोलित छन भने उता माझफाँट, बाँसखर्क र लेकफाँटका केही क्षेत्रका जनताहरूले खुसियाली मनाईरहेका छन ।

यसरी जनताहरू एकआपसमा विवादित र आन्दोलित भईरहेको अवस्थामा यी विषयलाई अल्ली नजिकबाट बिष्लेषण गर्ने प्रयास गरेको छु । सबैभन्दा पहिला माझफाँट गाविस कार्यलय र मिलनचोकको तुलनात्मक अवस्था साथै कुन ठाउँ र किन उपयुक्त छ त यस बिषयमा चर्चा गरौ । मिलनचोक तत्कालिन धाईरिङ गाविस र हालको जलजला गाँउपालिका वडा नं ७ मा अवस्थित बजारिकरण तर्फ उन्मुख झट्ट हेर्दा पनि सात गाविसको साझा बजार जस्तो देखिने ठाउँ हो।

यस मिलनचोक तथा माझफाँटको लुङ्दी, मोहनचोक समेत समेटेर केन्द्र बनाएमा बनौँ र नाग्लिबाङको माथिल्लो क्षेत्र त्यस्तै लेकफाँट, सालिजा र यता बाँसखर्कबाट समेत करिब दुई घण्टामा केन्द्र सम्म आईपुग्न सकिन्छ भने माझफाँटबाट एक घण्टामा आईपुग्न सकिन्छ। यस क्षेत्र यातायातको हिसावले मुख्य राजमार्गसँग जोडिएको र हाल लेकपाँट, सालिजा हुँदै नांगी, राम्चे, कापकलडाँडा तथा उपल्लो धाईरिङसम्म नियमित जीप सञ्चालित छन् । भने बनौ, माथिल्लो नाग्लिबाङ तथा उता माझफाँट, बाँसखर्कसम्म सिधा यातायात सञ्चालन गर्न सकिने अवस्था छ। यसरी यातायातको हिसावले समेत सबै ठाँउहरूबाट मिलनचोक पुग्न झण्डै उस्तैउस्तै समय लाग्ने देखिन्छ।

त्यस्तै माझफाँट जलजला गाँउपालिकाको उत्तरी भेगमा अवस्थित ठूलो र जनघनत्व भएको फराकिलो गाँउ हो। समथर फाँट, घनावस्ती आफैमा यो एउटा सुन्दर र रमणीय ठाउँ हो । ०५३ र ५४ साल तिरै यातायात पुगे पनि घुमाउरो बाटो ब्यवस्थित नगर्नु र छोटो बेनी भुर्तुलाको बाटो भौगोलिक कठिनाईले गर्दा लामो समय देखि सफल नहुँदा यातायातको सहज सुविधाबाट पछि परेको छ ।

सामान्यत यो ठाँउमा केन्द्र भएमा बनौ र नाग्लिबाङका माथिल्लो भेगबाट आईपुग्न ३ घण्टा देखि बढि नै लाग्दछ । त्यस्तै लेकफाँट, सालिजाबाट करिब दुई घण्टा यता मिलनचोक क्षेत्रबाट करिब १ घण्टा लाग्छ भने उता बाँसखर्क बाट ३० मिनेट पनि नलाग्ने देखिन्छ ।

यसरी सरसर्ति हेर्दा माझफाँटको माथिल्लो भेग, बाँसखर्क र लेकफाँटको केही भेगलाई अत्याधिक नजिक पर्छ भने धाईरिङ,नाग्लिबाङ र बनौका जनतालाई अत्याधिक टाढा पर्छ। उता नाग्लिबाङ र बनौंबाट सिधा यातायातमा एकर डेढ घण्टामै सदरमुकाम कुश्मा पुग्न सकिन्छ भने माझफाँट आईपुग्न सिधा यातायातको कठिनाई र दुरिका हिसावले पनि टाढा हुँदा झण्डै दुई र तीन गुणा समय बढी लाग्ने देखिन्छ ।

अब जलजला गाँउपालिका भनेको एउटा स्थानिय सरकार हो अझ बुझ्ने गरी भन्दा सात गाविसको एउटा सानो देश हो जसको हामी राजधानी या सदरमुकाम बनाउन खोज्दैछौ । अझै बुझ्ने गरी भन्दा लगभग कुश्मा बजारमा भएका अधिकांस सरकारी कार्यलयहरू केन्द्रमा बनाउनुपर्छ जसको निम्ती आवश्यक धेरै जग्गा चाहिन्छ।

यसै सन्दर्भमा कतिपय साथिहरूको तर्क छ। मिलनचोकमा आवश्यक सार्वजनिक जग्गानै छैन। भएको जग्गा पनि महँगो छ। खोलाको डर छ । झट्ट सुन्दा एक किसिमले यी तर्कह केही हदसम्म जायज जस्तो देखिन्छन् तर यथार्थतामा जाँदा अलि फरक हुन्छ। केही सार्वजनिक जग्गा तानतुन पार्न सकिने भएपनि धेरै कार्यलय बनाउन ब्यक्तिको जग्गा सरकारी नियमनुसार मुआब्जा दिई अधिकरण गर्नुपर्ने देखिन्छ। त्यसैले पनि ब्यक्तिको जग्गा लिन महङगो त पर्न जान्छ नै फेरी जग्गा महँगो पर्छ भन्दैमा एकातिरका जनतालाई अत्यधिक टाढा नै हुनेगरी अपायक पर्ने ठाउमा लैजानु पनि न्यायिक हुँदैन।

सरकारले एउटा विद्युत सव-स्टेसन राख्न त्यत्रो जग्गा हडप्न सक्छ भने यत्रो जनताको सुविधाको निम्ती आवश्यक जग्गा लिन किन नसक्ने यो सरकारको पहिलो कर्तब्य हो भने स्थानिय जनताको पनि ठूलो जिम्मेवारी हो । खोलाको डरको कुरा गर्दा त हामिले बेनी बजार नै देखिरहेका छौ । जुन दुई ठुला नदिको किनारमा छ त्यो हिसाब मा मिलनचोक धेरै सुरक्षित छ भने माझफाँट तर्फ सुरक्षित, फराकिलो लुङदी क्षेत्र पनि छ।

अब लागौ माझफाँट तर्फ

अहिले माझफाँटमा तोकिएको केन्द्र गाविस भवन पनि तत्कालको लागि कामचलाउ मात्र हुने देखिन्छ जसको वरिपरि आवश्यक जग्गा देखिदैन । दिर्घकालिन रूपमा हेर्दा यताउता जग्गाको ब्यवस्था गर्न आवश्यक छ। जसको निम्ती बाँसखर्क क्षेत्र तिरको जग्गा ब्यवस्था गर्ने भन्ने चर्चा पनि चलिरहेको छ ।

त्यता हो भने अझै अत्याधिक अपायक पर्ने देखिन्छ तैपनि माझफाँटमा मिलनचोकको तुलनामा पक्कै जग्गा अधिकरण गर्नु परे पनि धेरै सहज र सस्तो चाँही छ तर प्रसस्त सार्वजनिक जग्गा छ भन्नुमा चाँही तुक छैन। सार्वजनिक जग्गाको कुरा गर्दा र नियमनै हेर्दा प्रतिजग्गा सबै सामुदायिक बनको नाममा हुने हुँदा ब्यवहारिक रूपमा अलिअलि तानतुन पारेर काम चलाउनत सकिएला तर सबै हडपेर बनजंगल नै मासेर कुनैपनि सरकारी कार्यलय बनाउन पाईदैन।

कतिपयको तर्क छ माझफाँटमा मुल्यको हिसावमा जग्गा सस्तो छ। माझफाँट गाउँ ठुलो छ त्यसैले केन्द्र यहि हुनुपर्छ तर यो तर्कमा कुनै दम देखिदैन। मानौ माझफाँटमा जग्गा सस्तोमा उपलब्ध होला तर भोलि नाग्लिबाङले निशुल्क जग्गा उपलब्ध गराउँछु भन्यो भने के केन्द्र नाग्लिबाङ पुर्याउँन मिल्छ ? माझफाँटमा जनघनत्व बढी छ भन्दैमा अन्य क्षेत्रकालाई अन्याय नै हुने गरी पल्लो छेउमा केन्द्र नै राख्नु पर्ने हो ? के सानो गाँउमा बस्ने जनता नै होईनन ? ठूलो गाँउका जनतालाई दैलोमै चाहिने अनि सानो गाँउको जनता चाँही दिनभरी हिडेर पुगे पनि हुने हो ? जनतालाई सदरमुकाम टाढा भयो भनेर गाँउपालिका बनाउने फेरी बनौ र नाग्लिबाङका जनता कुश्मा भन्दा दुई गुणा समय लगाएर माझफाँटको गाउँ उक्लन पर्ने ? यो सरासर अन्याय हो ।

अझै पछिल्लो समय जनघनत्व कै कुरा गर्दा बगरफाँट, वारीबेनी, लामाखेत, लुङ्दी, मिलनचोक, लस्ति, खनियाँघाटमा बजारिकरणले माझफाँट गाउँको तुलनामा जनसंख्या अत्याधिक बढी छ र यी क्षेत्रको पनि दुरी, यातायात सबै हिसावले पायक मिलनचोक नै हो तसर्थ केन्द्र माझफाँटको तुलनामा मिलनचोक धेरै गुणा उपयुक्त छ। सबैलाई थाहै छ माझफाँट ठूलो गाउँ हो। जनघनत्व छ,समथर फाँट छन । यस्तो ठाँउमा बाटोको राम्रो सुविधा पुर्याउन, अस्पताल बनाउँ, क्याम्पस खोलौ, खाने पनि, सिचाँईको सुविधा पुर्याउँ विकासको मुल फुटाउँन बरू त्यहाँका जनतालाई सहजताको निम्ती विशेष सुविधा सहित उपकेन्द्र बनाउँ।

विकासको निम्ती निश्चित समय सम्म बिशेष बजेटको ब्यवस्था गर्ने गरि सहमति गरौ तर यसरी सात गाविसका जनताले पाउने प्रसासनिक सेवा सुविधाको निम्ती केन्द्र एक छेउमा पुर्याउने काम नगरौँ। अब यसरी मिलनचोक या माझफाँट गाविस कार्यलय कतै पनि सहमति नहुने हो भने अन्य उपयुक्त विकल्प पनि देखिन्छन। हुनत पछिल्ला घटनाक्रम हेर्दा अब विकल्पको अर्थ छैन भन्ने लाग्न सक्छ तर यस्ता विकल्प र बहसहरूले चुनावमा जनतालाई जागरूक बनाउँन र चुनाव पछि पनि गाउँसभालाई सहमतिको निम्ती गोरेटो बन्न सक्छ तसर्थ केही विकल्प बारे चर्चा गरौ।

वारी बेनी

सबैभन्दा विकल्पको रूपमा सहमति हुनसक्ने चर्चामा देखिएको वारी बेनी हो । झट्ट हेर्दा र तत्कालको निम्ती यो विकल्प ठिकै पनि देखिन्छ। बनौ, नाग्लिवाङ बाट पनि लस्ति, खनियाँघाट झरेर सिधै बसमा आउन सकिने र माझफाँट, बासखर्कबाट पनि आधा/एक घण्टामै झर्न सकिने तर पनि दिर्घकालिन रूपमा हेर्दा अत्याधिक बजारिकरणले जग्गाको समस्या देखिन्छ।

जग्गा वाँकी भनेको माथिल्लो फाँटमा हो । जहाँ केन्द्रको निम्ती लगभग बाँकी पूरा जग्गानै आवश्यक पर्ने देखिन्छ। जुन असम्भव प्रायः छ। साथै जग्गा हडपिने डरले पनि होला बेनी वासी प्रायः मौन नै देखिन्छन। र पनि लामाखेतलाई समेटेर बनाउँन सके सम्भावना कायमै छ ।

फड्केढुगा

अर्को विकल्पको रूपमा माझफाँटकै वल्लो भेग अर्थात फड्केढुगा उपयुक्त छ भनेर बहस पनि चलिरहेको छ। यस ठाँउमा केन्द्र तोक्दा अहिले तोकिएको केन्द्र भन्दा बढी पायक पर्ने देखिन्छ। जहाँ ठूलो फाँट रहेको हुँदा आवश्यक जग्गा ब्यवस्थापन गर्न पनि सहज अवस्था छ साथै मिलनचोकबाट छोटो हुने गरी लुङदी पचैया हुँदै मोटरबाटो छोटाएर निर्माण गरेमा मिलनचोकबाट १५ मिनेटमै सो ठाँउमा पुग्न सकिन्छ ।

फड्केढुगालाई नै जिरो किमी मानेर हम्पाल सम्म केन्द्रीय योजना अन्तरगत निर्माणधिन मोटररबाटोले लेकफाँट, सालिजालाई करिब ३० मिनेटमै जोड्न सक्ने साथै माथिल्लो धाईरिङ, बनौ, माथिल्लो नाग्लिबाङलाई समेत माथि - माथि हुँदै यतायातले जोड्न सक्ने र निकट भविष्यमा एअरपोर्टको आवश्यता परेमा पनि सो ठाँउमा निर्माण गर्न सकिने सम्भावना आदि कारणले फड्केढुङगा पनि उपयुक्त विकल्प हो। र यस क्षेत्रमा माझफाँटवासी सहमति हुनसके, केन्द्र बाँसखर्क तर्फ नलगी यता सार्नसके आन्दोलनरत पक्षलाई पनि नैतिक दवाब परी सहमतिको सम्भावना पनि रहन्छ।

रात्माटा रभोटेडाँडा

झट्ट यो विकल्प सुन्दा धेरैलाई हाँसो लाग्न पनि सक्छ तर साच्चिकै स्थानिय तहको मर्म अनुसार अघि बढ्ने हो भने यो सबैभन्दा उत्तम विकल्प हुन सक्छ। गुगल म्यापमा सर्च गरी हेर्दा, चारैतिरको दुरी नाप्दा होस या भौगोलिक हिसावले पनि यो ठाउँ विच भागमा पर्छ ।

उता बनौ, नाग्लिवाङ होस या यता बासखर्क, माझफाँट होस या माथि बनवढे, तल मिलनचोकसम्म होस, सबैको विचमा पर्छ भने यहाँ जग्गा ब्यवस्थापन पनि सहजै सँग सर्वसुलभ रूपमै पाउन सकिन्छ ।

यहाँ मुख्य समस्या भनेको तत्कालको निम्ती सबैलाई सहज यातायातको सुविधा नहुनु हो तर दिर्घकालिन रूपमा हेरी यसलाई केन्द्र तोक्दा धेरै फाईदा हुने देखिन्छ। यस ठाँउमा केन्द्र तोक्दै एकमुष्ट रूपमा बेनी र माझफाँट फड्केढुङगा र रात्माटा सडक, मिलनचोक र खोलाखेत रात्माटा र भोटेडाँडा सडक र माथिल्लो नाग्लिबाङ-बनौं -धाईरिङ-सालिजा सडक दुई लेनको बनाउँदै पिच गर्ने सहमति गर्ने हो भने सबैभन्दा उत्तम विकल्प हुन सक्छ। यी बाटो सहज बनिसके पछि चारैतिरका जनताको सहज पहुँच पुग्छ।

हामी साच्चिकै गाउँ-गाउँको विकास र सबैलाई पायक नै खोज्ने हो भने किन माझफाँटको छेउमा केन्द्र बनाउने या यत्तिकै पनि बजारिकरण तर्फ उन्मुख भएको मिलनचोकमा केन्द्र राखेर तिब्र बजारिकरण गरी किन उर्वर भुमिलाई सिध्याउने ? बरू सबैले फराकिलो मन बनाउँ , माथि उक्लिउँ । गाउँगाउँको विकास गरौ । यतिमात्र होईन रातमाटा-भोटेडाँडा केन्द्र बनाउँदाका अन्य फाईदाहरू पनि छन मैले यस अघि मैले देखेको जलजला शिर्षकमा जलजला, हम्पाल, कालञ्जर पर्वत, सिर्पुक्षेत्र हुँदै धाईरिङको भुमेस्थानलाई समेटर धार्मिक पर्यटन र अन्नपुर्ण पदमार्ग सम्म जोड्ने गरी गर्न सकिने पर्यटकीय विकासको कुरा बारे लेखेको थिए। यसरी नै रात्माटा- भोटेडाँडा केन्द्र बनाउनसके यस केन्द्र हुँदै जलजला क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरूको घुँइचो नै लाउन सक्ने देखिन्छ ।

साथै पहाडी क्षेत्रमा यातायातको उत्तम विकल्प मानिने केवलकार समेत सञ्चालन गर्न सकिने सम्भावना रहन्छ । जसको निम्ती मिलनचोकबाट रात्माटा-भोटेडाँडा केन्द्रमा आवतजावत गर्न मिल्ने गरी जलजला सम्म नै केवलकार सञ्चालन गरी अन्नपुर्ण पदमार्ग तथा पोखरा सम्म आउने लाखौ पर्यटकलाई भित्राउन सकिनेछ। अझै यो ठाँउमा केन्द्र बनेमा म्याग्दीका पर्यटकीय गाउँ नांगी, राम्चे, कापकलडाँडा समेतलाई केन्द्र अपायक परिरहेको अवस्थामा ती क्षेत्र पनि यतै गाभिन सक्ने प्रवल सम्भावना रहन्छ ।

तसर्थ हामिले यस ठाँउमा केन्द्र तोकी कम्तिमा ५ वर्ष पैदल हिडेरै भए पनि दुःख गरी अबको चुनवमा राम्रो नेतृत्व चयन गर्दै यातायातको विकास गर्न सक्यौ भने पर्यटकिय हिसावले मात्र पनि अर्को ५ वर्षमा सम्पुर्ण गाउँ नै कायलपट हुनसक्ने छ। अब सरसर्ति पछिल्लो घटनाक्रम हेर्दा अहिले चलिरहेको आन्दनेलन ले सिधै केन्द्र परिवर्तन गर्न सक्ने त होईन तर वार्ताको निम्ती नेताहरूमा दवाब पर्नुका साथै जनता जागरूक भई भोलिको चुनावमा नतिजा तल माथि पर्न चाँही पक्कै सक्छ।

पछिल्लो समचार अनुसार पनि सरकारले अहिले तोकिएको केन्द्र अस्थाई हुन। अब चुनाव पछि गाउँसभाको समान्य बहुमतले केन्द्र तोक्न सक्ने भनेर आईसकेको अवस्था भएता पनि स्थानिय नेताले वार्ताबाटै सहमति खोज्ने सम्भावना चाँही रही नै रहन्छ तर स्थानिय नेताको गतिविधि हेर्दा र मुखैमा आएको चुनावले गर्दा पनि तत्काल बार्ताबाट सहमति हुने सम्भावना क्षीण बन्दै गईरहेको छ तसर्थ अन्तिम विकल्प भनेको चुनाव नै हुने देखिन्छ।

अब अन्तिम विकल्प बारेपनि चर्चा गरौ । सरकारले चुनाव पछि हुने गाउँसभाको सामन्य बहुमतले केन्द्र तोक्ने भनिसकेको अवस्थमा जलजला गाउँपालिकाको ६ वडा मध्येबाट प्रत्यक वडाबाट एकजना वडाध्यक्ष सहित ५ जनाको दरले ४५ सदस्य र गाउँपालिका अध्यक्ष र उपध्यक्ष गरी २ महिलाबाट ४ तथा दलित-अल्पसंख्यकबाट २ गरी ५३ सदस्यीय गाउँसभा बन्नेछ।

जसको सामन्य बहुमत भनेको २७ जना , यसरी हेर्दा यो अवस्थामा मिलनचोक र माझफाँट केन्द्रको पक्ष बिपक्षमा मतदान हुने अवस्था आएमा जसले २५ सदस्य पुर्याउन सक्छ उतै केन्द्र रहनेछ। यो बिषयमा सामान्य बिष्लेषण गर्दा बनौ, नाग्लिबाङ, धाईरिङ, सालिजा मिलनचोकको पक्षमा देखिएका छन । उक्त ४ वडाबाट २० सदस्य र माझफाँट र लेकफाँटका केही क्षेत्रले पनि समर्थन गर्न सक्ने हुँदा २७ सदस्य पुर्याउन सक्ने सम्भावना छ ।

माझफाँट केन्द्रको पक्षमा चाँही बाँसखर्क, माझफाँटका तीन वडा, लेकफाँटको केही क्षेत्रले समर्थन गरेमा र माझफाँटका केही क्षेत्र विभाजन नभएमा २५ सदस्य पुग्ने सम्भावन उत्तिकै बलियो छ साथै अझै बलियो बनाउन केन्द्र बाँसखर्क तिर नलगी फड्केढुङगा तर्फ सहमति गर्न सके माझफाँटको ३ वटै वडा एक ढिक्का हुने साथै फड्केढुङगा- पिडाल्ला-रातमाटा मोटरबाटोको कारणले पनि लेकफाँट , सालिजाले समेत समर्थन गर्न सक्ने सम्भावन पनि छ।

यस्तै गाँउपालिकाको अध्यक्ष, उपध्यक्ष साथै सदस्यमा कस्तो ब्यक्तिहरू विजयी हुन्छन साथै पार्टी या जिल्ला तिरको नेताहरूको दवाब आदि कारणले पनि नतिजा तलमाथि पर्न सक्नेछ।

उता तेस्रो पक्ष अर्थात लेकफाँट, सालिजाका नेतृत्वले राम्रो लबिङ गर्न सके धाईरिङ, बनौ र नाग्लिवाङलाई मनाएको खण्डमा र आन्दोलनरत पक्षले पनि मनमुटाव र प्रतिष्ठाको बिषय बनाई जसरी पनि माथि उक्लनी नै हो भने रात्माट - भोटेडाँडा नै जाउँ भनि लेकफाँट, सालिजा तिर समर्थन गरेको खण्डमा ५ वडाको सजिलै सँग २५ सदस्य पुगी केन्द्र रातमाटा - भोटेडाँडा पुग्ने सम्भावन पनि उत्तिकै बलियो छ।

अब स्थानिय नेताहरूले आफ्नो तित्राको जत्रो छातिलाई अल्ली फराकिलो बनाई, घरमा बसि कता बढी छ भनी क्याल्कुलेटर हानी भोट गन्नुको सट्टा वार्ता गरी सहमति गर्न सके गाउँ विकासतर्फ अघि बढ्ने थियो अन्य चुनावमा बुथ कब्जा, धाँधलि साथै आफ्नो ठाँउमा केन्द्र पार्नको निम्ती राम्रालाई भन्दा हाम्रालाई भोट दिने आदि कारणले असल नेतृत्व नआउने साथै चुनाव पछि पनि गाँउसभाका सदस्यहरू मोटो रकममा खरिद विक्री हुने सम्भावना उत्तिकै रहनेछ। जसले गर्दा गाउँपालिका सुरूवातमै विकासतर्फ भन्दा पनि भ्रष्टाचार तर्फ उन्मुख हुनेछ तसर्थ नेता मात्र होईन जनता पनि समयमै सचेत बन्दै सहि विकल्पको निम्ती पहल गरौं।

साभार : विकल्प न्यूज

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

**सम्पादकीय ...**

# स्थानीय तह निर्वाचनको वातावरण

सरकारद्वारा घोषित बैशाख ३१ को स्थानीय तहको निर्वाचन समय नजिकिदै जान थालेको छ । झन्डै दुइदशक देखि हुन नसकेको स्थानीय निर्वाचन यसपटक संघिय संरचना अनुसार हुँदै छ । गणतन्त्र स्थापना पछिको स्थानीय तहमा यो पहिलो निर्वाचन हो । लामो समय देखि स्थानीय निकायहरुमा जनप्रतिनिधिहरु नहुँदा जनताले सुशासनको अनुभूति गर्न पाएनन् । विकास निर्माण लगायतका स्थानीय निकायबाट प्रवाह हुने सेवा सुविधाहरु प्रभावित हुन पुगे । मुलुक लामो शसस्त्र द्धन्द्धमा फसेका कारण समयमै निर्वाचन हुन सकेन । लोकतन्त्रको पुनस्थापना पश्चात पनि निर्वाचनको वातावरण बन्न सकेन् । पहिलो संविधानसभाले नयाँ संविधान बनाउन नसकेपछि दोस्रो पटक संविधानसभाको निर्वाचन हुन पुग्यो । दोस्रो संविधानसभाले मुलुकमा संघिय लोकतान्त्रीक संविधान निर्माण गऱ्यो । नयाँ संविधान अनुसार मुलुकमा स्थानीय तहको निर्वाचन पहिलो पटक हुँदै छ ।

स्थानीय तहको निर्वाचनको घोषणा सँगै सरकारले ७४४ स्थानीय तहको कार्यान्वयनमा ल्याएको छ । स्था( नीय तहमा नगरपालिका र गाउँपालिकाहरु छन् । स्थानीय तहको कार्यान्वय सँगै नागरिकहरुमा उत्साह छाएको छ । राज्यबाट प्राप्त हुँने सेवा सुविधाहरु घरदैलोमै उपलब्ध हुने भएपछि नागरिकहरुमा खुसियाली छाएको छ । बैशाख ३१ गते हुने निर्वाचनबाट आफ्ना प्रतिनिधिहरु चुन्न आतुर छन् । यतिखेर गाउँपालिकाको कार्यान्वय र स्थानीय तहको निर्वाचनले जनतामा खुसी ल्याएको छ । यद्यपी दलहरु भने अझै चुनावी वातावरण बनाउन तिर लागेको दैखिदैन । केही दलहरुले निर्वाचन केन्द्रित कार्यक्रमहरु गरेपनि केहीले भने अझै चुनाव हुने कुरामा आशंका व्यक्त गरेका छन् । मुलुकमा स्थानीय तहको निर्वाचनको कुनै विकल्प छैन । जसरी पनि तोकिएको मितिमा निर्वाचन हुनुपर्दछ ।

सरकारले यतिखेर निर्वाचनको वातावरण तयार पार्नका लागि मधेश केन्द्रीत दलहरु सँग सम्वाद र वार्तालाई जोड दिएको पाइन्छ । प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण पछि मधेशवादी दलहरु सँग सकरात्मक छलफल हुने अपेक्षा व्यक्त गरिएको छ । संविधान संशोधनको सिमाङकनलाई थाती राख्दै अन्य विषयमा संशोधन गर्ने गरी छलफल अघि वढेको छ । प्रतिपक्षदलहरु पनि यसलाई सकरात्मक रुपमा लिएको पाइन्छ । सिमाङकनको विषयलाई पछि टुङ्याउने गरी संधिान संशोधन गरेर मुलुकमा निर्वाचनको वातावरण तयार पर्नु नै मुलुकका लागि हितकारी हुन सक्छ । अव कुनै पनि वाहनामा घोषित निर्वाचनलाई पछि धकल्नु हुँदैन । गाउँगाउँमा निर्वाचनको वातावरण बनिसकेको छ । नागरिकहरुले निर्वाचनको वातावरण तयार पारि सकेका छन् । अव दलहरुले पनि निर्वाचन केन्द्रीत चुनावी कार्यक्रमहरुलाई जनता समक्ष लग्नुपर्दछ । निर्वाचन नै अहिलेको उत्तम विकल्प हो । त्यसैले निर्वाचन हुने वातावरण तयार पार्न सवै आ-आफ्नो स्थानबाट जुटौं ।


l6KkOfL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

# नेपालीहरुलाई खुसी हुनका निमित्त कुनै कारण चाहिदैन र !

... त्यो अप्ठेरो परराष्ट्रमन्त्रीको व्यक्तिगत अवश्य नहुनपर्ने हो । उनको अभिव्यक्ति सरकारी मानसिकताकै प्रतिविम्ब होला । चीनमा पुगेपछि कस्तो सम्झौता समझदारीमा हस्ताक्षर गनुपर्ने हो र दक्षिणको कोपभाजन बन्नुपर्ने हो भन्ने जलत्रासलको रुग्ण मानसिकता लिएर चीनभ्रमणमा निस्केका प्रधानमन्त्री हाँसी खुसी यात्रा गर्दैहोलान् भनेर कसरी भन्नु ?



- चन्द्रप्रकाश बानियाँ

"मार्च २०" ! अन्तर्राष्ट्रिय खुसी दिवस ! सुख र दुःख सबैलाई एकैसाथ प्राप्त हुने विषय होइनन् । तिनलाई एउटै सिक्काका दुई पाटा भन्न पनि मिल्दैन । विपरितार्थक ती जुम्ली शब्दहरूको एउटै साझा संङ्गम अथवा मिलनविन्दु हुनसक्छ भनेर कल्पना गर्न सकिदैन । दुवै एकैसाथ कुनै मानिसको जिन्दगीमा आउन सक्तैनन् । तीनका गन्तब्य यात्राहरू सदा विपरित दिशान्मुख रहन्छन । मानव समुदाय न एकैसाथ खुसी हुन सक्छ न एउटै घटनाले सबैलाई एकै साथ दुःखी बनाउँछ । बरू कसैलाई खुसी दिने कुराले अर्कोलाई दुःखी बनाउँछ । अरूको दुखमा सम्वेदित हुने कुरा त परै रहोस् खुच्चिङ् भनेर काखी बजाउने प्रवृत्तिको आधिक्यता मानवमात्रमा रहन्छ ।

खुसी हुनुपर्छ भन्दैमा जबर्जस्ती खुसी हुन सकिने विषय होइन । कुनै दिनविशेषलाई किटेर खुसी दिवसको नाम दिनु उच्चकोटीको परिहास होइन भन्न मिल्दैन । किनकि कसैको हातमा दुःख निवारणको रामवाण रहेको हुँदैन । खुसी दिवस भनेर दिनविशेषको सुन्दर नाम जुराउँदैमा सबै मानिसको जीवनबाट दुःख भाग्नेछ भनेर गरिने कल्पना यमपञ्चकमा यमराजले आफ्नो काम स्थगित गरिदिन्छन भनेर विश्वास गर्ने हिन्दू पाखण्डको अनुकृति मात्र हो ।

दिन प्रतिदिन मात्रै होइन, पल प्रतिपल नियमितरूपमा यो धर्तीबाट कैयौ मानिसहरूको चोला उठ्ने गर्छ । त्यसलाई रोक्ने तागत कसैसँग छैन । आज खुसी दिवस हो भनेर मरणलाई टार्न सकिदैन । दुःखमा पर्दा हाल्न मिल्दैन । मानिसको मरणबाट उत्पन्न हुने शोकलाई एकैदिनका लागि मात्रै पनि स्थगित गर्न सकिदैन ।

शोकलाई भोलिका लागि साच्न वा अदालतले झैं अनुकूलता हेरेर तारेख दिन मिल्दैन । त्यसैले २० मार्चलाई खुसी दिवसको नाम जुराउने संस्था, आयोजक वा परिकल्पनाकार कि त सांसारिक विधिब्यवहार नबुझेको घामट हुनपर्छ, कि भने मानिसहरूको निरीहतामाथि छड्के हानेर विनोद परिहासको वातावरण निर्माण गर्ने उचक्का मनोवृत्तिवाला हुनुपर्छ ।

राष्ट्रसंघको मुख्यालयद्वारा सार्वजनिक गरिएको यसवर्षको देशगत खुसी मापनको रिपोर्टले नेपाल गतवर्षको तुलनामा आठ स्थान माथि उक्लेको घोषणा गरिदिएछ । गतवर्ष १०७ नम्बरमा परेको नेपालको यो वर्ष ९९ यौं स्थानमा पदोन्नति भएछ । तथ्याङ्कले जेसुकै भनोस, दुःखको बढोत्तरी भएको रिपोर्ट भए त्यो पत्यारिलो हुन्थ्यो । मिथ्याङ्क नै भए पनि त्यो विश्वसनीय मानिन्थ्यो । कुरो उल्टो आयो । नेपालको सन्दर्भमा खुसी मापाङ्कको ग्राफ उर्ध्वगामी भएको कुरा पचाउन सजिलो छैन । सत्य नै हो भने पनि त्यसले हाम्रो लागि भद्दा प्रहसनले भन्दा बढी अर्थ राख्छ जस्तो लाग्दैन ।

आजका मितिसम्म नेपाल एउटा घोषित कृषिप्रधान देश नै हो । तर तितो यथार्थ के रहेको छ भने नेपाली माटोमा बगाउने पसिनाले नेपालीहरूको गुजारा चल्न छोडेको दशकौं बितिसकेको छ । वर्षदिन परिश्रम गरेर आधावर्षको गर्जो टार्न पनि मुश्किल पर्छ । त्यसमाथि बाली लगाउने बेला आयो कि सधैं मल विउको अभाव हुने अनौठो स्वभाव नेपाली बजारले विकास गरेको छ । गुजारा नचल्ने मौसमी वर्षामा निर्भर परम्परागत पुर्ख्यौंली कृषिकर्मबाट नेपालीहरूको भरोसा उठीसकेको छ ।

परिणामस्वरूप माटो धितो धरौटी राखेर वा वेचविखन गरेर रोजगारीको खोजीमा विदेशिनका लागि सामलतुमल जुटाउने प्रवृत्ति आम बन्दै गएको छ । प्रतिदिन २/३ हजारका दरले मानिसहरू विदेशिन्छन । अर्को विकल्प छँदै छैन । विडम्बना त कस्तो छ भने प्रतिदिन विदेशिनेहरू सबै सद्दे सग्लो अवस्थमा देश फर्कदैनन् । फर्कने सौभाग्य पाउँदैनन । प्रतिदिन देश फर्कने वा फर्कन पाउने भाग्यमानीहरूको संख्या अनिवार्यरूपमा घट्ने गरेको छ । प्रतिदिन ६/७ जना नेपालीहरू बाकसबन्द अवस्थामा फर्कने गरेका छन् र पनि सीमापार लाग्नेहरूको लाम घट्ने नामोनिसान देखिदैन । परिवार र माटोसँगको विछोडको पीडा, साहुको ऋण तिर्न गाह्रो परेको पीडा, आप( न्तजनहरू सदाका लागि गुमाउनुपर्ने पीडा र घरफर्केको भोलीपल्टै देखि अर्को गन्तब्यको खोजी गर्न थाल्नुपर्ने पीडाबीच पनि नेपालीहरूले खुसीको क्षण फेलापार्छन भनेर कल्पना गर्न सकिदैन ।

रोजारीको खोजीमा विदेशिनुपर्ने हतभागीहरू मात्रै होइन, विदेशजानु पर्ने आवश्यकता नपर्ने भाग्यमानीहरू वा जान नचाहनेहरूमध्ये सबैको खुसी दिनानुदिन उन्नतिउन्मुख छ भन्न पनि मिल्दैन । आखिर नेपालीहरूको खुसीको ग्राफ माथि चढेकै हो भने चढयो कसरी ? देशको अवस्था दिनानुदिन विग्रँदो छ । शान्ति अम( नचयन भन्ने बस्तुहरूसँग नेपाली समाजको वैरभाव झाङ्गिदो छ भन्दा फरक पर्दैन । मेरै मानमर्दन गर्नका लागि मेरै आँगनको प्रयोग नगरिदेउ भन्दा एकै झमटमा दर्जनभर मानिसको ज्यान जान्छ । लिइन्छ । जनताको जीउधनको सुरक्षा गर्नुपर्ने जिम्मेवारी लिएको सरकारले नै जनतालाई चाँ( दमारीको निशाना बनाउँछ । मेरो देशको सीमानाभित्र म आफूखसी गर्छु , खेति गर्छु, बाटो कुलो बनाउँछु भन्दा पनि सीमापारीबाट आउने गोलीको शिकार बन्नुपर्छ । वर्खा त लाग्नै हुदैन । खेतीपाति मात्र होइन गाउँ बस्तीहरू समेत सीमापारी बनेका वाँध छेकाबारका कारणले डुवानमा पर्छन । घरबास र बालीसहितको जमिन डुबाउने गरी निर्माण गरिएका बाँधहरू भत्काउनसक्ने वर्कत बुता पाखुरीमा भए पनि अधिकार छैन । किनकि ती सीमापारी छन् । नेपालीहरूको अवस्था "नामर्दको जोई" भएर बाँच्नुपर्ने हद दर्जाको निर्धो जुम्सो पानीमरूवा बन्दै गएको छ ।

सिंहदरबार वरपर बसेर उघुमको राष्ट्रवादी बखानमा लिप्त रहनेहरूले त्यो कुरा उठाउने आव( श्यकता देख्दैनन् । काठमाडौमा बसेर ढिकुरे छाती पिट्नेहरूमा मालिकहरूको सामने शिर ठाडो गरेर उभिने हयाउ हुति छैन । कहिले कञ्चनपुर, कहिले महलीसागर त कहिले तिलाठीको घाउ उकल्चिरहन्छ । त्यो घाउ काठमाडौका राष्ट्रवादीहरूलाई दुख्दैन । तिनको मन सत्ताबाट वेदखल हुनुपर्दा दुख्छ । उनीहरूको राष्ट्रवाद सिंहदरबारका आरामदायी मेचहरूको प्रदक्षिणामै ब्यस्त रहन्छ । त्यसैले देशमै बसेर दुःखसुख गरिखाउँ भन्ने नादान नेपालीहरूको पनि दिनानुदिन दुःख बढीरहेको छ । राई रत्ति खुसी बढने परिस्थिति त्यता पनि छैन ।

विहिवार देखि प्रधानमन्त्रीको औपचारिक चीन भ्रमण सुरू भएको छ । चीन यात्रामा निस्केका प्रधानमन्त्री पनि वास्तवमा हाँसीखुसी होलान्जस्तो लाग्दैन । आफ्नो देशको दुर्दशासँग चीनको विकास वैभवको तुलना गरेर आत्मग्लानीको अनुभूति प्रमलाई भएको भने होइन । चीन गयो कि "विओआर"मा हस्ताक्षर गर्नुपर्ने वाध्यता आइलाग्ने त्रासले चीनभ्रमण नगरिएको हो भन्ने परराष्ट्रमन्त्रीको दुखेसो सार्वजनिक भैसकेकै हो ।

त्यो अप्ठेरो परराष्ट्रमन्त्रीको ब्यक्तिगत अवश्य नहुनपर्ने हो । उनको अभिब्यक्ति सरकारी मानसिकताकै प्रतिविम्ब होला । चीनमा पुगेपछि कस्तो सम्झौता समझदारीमा हस्ताक्षर गनुपर्ने हो र दक्षिणको कोपभाजन बन्नुपर्ने हो भन्ने जलत्रासलको रूग्ण मानसिकता लिएर चीनभ्रमणमा निस्केका प्रधानमन्त्री हाँसी खुसी यात्रा गर्दैहोलान् भनेर कसरी भन्नु ?

यसपटकको सरकारी चीनयात्रा विचित्रको दुःखको पेटारो बनेको छ । दुःखको पेन्डोराबक्स खोलिदा खोल्नेलाई मात्र होइन, बाकससँग कुनै सरोकार नरहेको बाँकी मानव समाजसमेत दुःखकष्टको शिकार भएजस्तै प्रधामन्त्रीको भ्रमणबाट अर्को एउटा तपका सरकारी पक्षभन्दा कैयौं गुणा बढी त्रसित बनेको छ । दुःखी बनेको छ । हिजो आफूले चीनसँग गरेका सन्धी सम्झौताहरू कार्यान्वयन भैहाल्ने "मनको बाघ"ले उसालाई खाइसकेको छ । सम्झौता कार्यन्वयनमा सरकारले रूचि लिएन भनेर रोइकराई गर्ने क्याम्प यतिबेला सरकारले कार्यान्वयन गर्न थालिहाल्ने पो होकि भनेर सिस्ने कीराझैं थर्थरी काम्न थालेको छ । सरकारले साँचै हिजोका सम्झौताहरू कार्यान्वयन गर्न थाल्यो अथवा हिजोका सम्झौता समझदारीहरूलाई ओझेलमा पार्ने गरि थप नयाँ सन्धी सम्झौता गऱ्यो भने के होला भन्ने आतङ्कले त्यो समूहलाई खर्लप्प खाइसकेको छ ।

प्रधानमन्त्रीको भ्रमणबाट मुलुकलाई फाइददा पुगोस् भन्ने कामना गर्ने होइन कि भ्रमण असफल बनोस् र मुलुकले कुनै लाभ लिनसक्ने अवस्था सिर्जना नै नहोस भनेर पशुपतिमा "लाखवत्ति बाल्न" थालेका होलान विचरा । अनि कसरी नेपा( लीहरू थप खुसी भएका छन् र हुदैछन भनेर इङ्गित गर्ने सूचकांङ्कहरू फेला परेका होलान र खोइ ? विश्वास गर्नै सकिदैन । अवश्य ती सूचकाङ्कहारू फर्जी हुनुपर्छ । ■

oxfx?nf0 hfgsf/L 5 Û

शैक्षिक सत्र २०७४ का लागि बेनीबजार स्थित सम्पूर्ण वोडिङ स्कुलका

पाठ्यपुस्तकहरु सुलभ तरिकाले पाइने एकमात्र स्थान -

**कालिगण्डकी छापाखाना तथा**

**गौतम फोटोकपी एवम् स्टेशनरी सप्लायर्स**

(जीवन सुनचाँदीको अगाडि) न्यूरोड बेनीबजार म्याग्दी फोन नं ०६९५२०४७३, ९८५७६४००००

# खुल्यो ! खुल्यो !! खुल्यो !!!

**तपाई हाम्रै नगरी पर्वत बेनीमा बागलुङ भगवती ड्राईभिङ ईन्स्टिच्युट खुलेको सहर्ष जानकारी गराउँदछौ ।**






**हाम्रा सेवाहरू :**

जीप, कार, भ्यान, मोटरसाईकल, स्कुटर सिक्नका लागि हामीलाई सम्झनुहुन अनुरोध गर्दछौ ।


दक्ष र अनुभवी प्रशिक्षकहरुद्धारा तालीम प्रदान गरिने यस ईन्स्टिच्युटको आफ्नै पर्याप्त र सुबिधायुक्त पूर्बाधार तथा सवारी साधन रहेको जानकारी गराउँदछौ । नोट ग्रुपमा आउनेहरुलाई बिशेष छुटको व्यवस्था समेत रहेको छ ।




**प्रो. राम के.सी**

**सर्म्पक फोन नम्बर ०६९५२०२११, ९८६७६४११५०, ९८४७७४६८५१**

**बागलुङ भगवती ड्राईभिङ ईन्स्टिच्युट, पर्वत बेनी मल्लाज जाने बाटोमा**







# दर्ता नगरी ईँटा उद्योग सञ्चालन

■ नवविकल्प

म्याग्दीका ईंटा उद्योगहरू कानुनी दायरामा आउन सकेका छैनन् । प्रक्रिया पुरा र दर्ता नगरी ईंटा उद्योग सञ्चालन भएको हो ।

नियमनकारी निकायको बेवास्ता, अनुगमन, पहलको कमी, झञ्झटीलो प्रक्रिया र व्यवसायीको गैरजिम्मेवारपनका कारण बेनी नगरपालिका १ रत्नेचौरका ईंटा उद्योग कानुनी दायरामा आउन नसकेका हुन् । रत्नेचौरमा हाल सञ्चालनमा रहेका करिब १० वटा ईंटा उद्योग मध्य कुनै पनि दर्ता नभएको घरेलु तथा साना उद्योग विकास समितिको बेनी स्थित शाखा कार्यालयले जनाएको छ । कानुनी प्रक्रिया पुरा गरी समितिमा दर्ता गरेर मात्र ईंटा उद्योग सञ्चालन गर्न पाउने नितीगत व्यवस्था रहेको छ । उद्योग दर्ता नहुँदा वार्षिक लाखौं राजस्व गुमेको छ ।



ईंटा उद्योग सञ्चालकहरूले झञ्झटिलो प्रक्रिया र सम्बन्धित निकायको असहयोगका कारण उद्योग दर्ता गर्न समस्या भएको दावी गरेका छन् । ईंटा उत्पादन र बिक्री गर्दै आएका रत्नेचौरका कृष्णबहादुर महतले वातावरणीय प्रभाव मूल्याङ्कनका लागि प्रक्रिया अघि बढाएको र छिट्टै उद्योग दर्ता गर्ने तयारीमा रहेको बताउनुभयो ।

सडकको ४ सय मिटर नजिक ईंटा उद्योग सञ्चालन गर्न नपाईने कानुनी व्यवस्था भएपनि स्थानीय देखि सरकारी उच्च अधीकारी ओहोरदोहोर गर्ने बेनी–बागलुङ सडकखण्डके वरपर यस्ता उद्योगहरू निर्वाध सञ्चालन भइरहेका छन् ।

घरेलु तथा साना उद्योग विकास समिति म्याग्दीका प्रमुख मिरादेवी अधिकारीले हालसम्म रत्नेचौरका कुनै पनी ईंटा उद्योग कार्यालयमा दर्ता नभएको बताउनुभयो । अनुगमन गरी उद्योगहरूलाई कानुनी दायरामा ल्याउने अधिकारीले बताउनुभयो ।

आम्दानी हुने भएपछि रत्नेचौरका बासिन्दाले खेतबारीमा खेतीबाली लगाउन छाडेर ईंटा उद्योग सञ्चालन गर्ने क्रम बढेको छ । प्रशस्त रातो रंगको चिम्टाईलो माटो पाइने भएकाले रत्नेचौर ईंटा उद्योगका लागि अनुकुल मानिन्छ । ईंटा बनाउने काममा स्थानीय बासीन्दाहरूले भने रोजगारीको अवसर पाएका छन् ।

# विदेश जानलाई सीप सिक्दै

■ नवविकल्प

कतारमा डेढ वर्ष स्टोर किपरको काम गरेर फर्कीएका जलजला गाउँपालिका २ माझफाँटका रोशन विश्वकर्माले हालै कुकीङ तालीम लिनुभयो । आफैंले होटल व्यवसाय गर्ने, ठूला होटलहरूमा काम खोज्ने र नभए विदेश जाने विश्वकर्माको योजना छ ।

घरेलु तथा साना उद्योग विकास समिति म्याग्दीले हालै बेनीमा सञ्चालन गरेको एक महिने कुकिङ तालीममा सहभागि भएका विकले सीप र तालीमको अभावमा विदेशमा काम गर्दा दुःख भएको अनुभव सुनाउनुभयो ।

"तालीम र सीप नहुँदा विदेशमा दुख र थोरै पैसाको काम गर्न बाध्य हुनुपर्छ" विकले भन्नुभयो "यही सिप सिकेर जानेले भनेको जस्तो तलबमा क्षमता अनुसारको काम पाउँछन् ।" रोशनसँगै सोही तालीममा सहभागी बेनपा ५ पुलाचौरका विनोद परियार पनी वैदेशिक रोजगारीमा जानका लागि सीपमुलक तालीम आवश्यक रहेको बताउँछन् ।



परियार कुक भिसामा विदेश जाने योजनामा हुनुहुन्छ । फागुन ६ देखि चैत ५ गतेसम्म सञ्चालन भएको सो कुकिङ तालीममा १३ जनाको सहभागिता रहेको थियो । सहभागी मध्य धेरैले कुक भिसामा विदेश जाने योजना रहेको बताए । तालीममा सहभागि मुदी १ नाउराकी सोनी रोकाले भने गाउँमै होटल सञ्चालन गर्ने योजना बनाउनुभएको छ ।

"नाउरा भएर बर्षेनी सयौं पर्यटकहरू धौलागिरी आधार शिवीर जाने गर्छन" रोकाले भन्नुभयो "पर्यटकलाई लक्षित गरेर होटल सञ्चालन गर्ने योजना छ ।" तालीममा सहभागि भएपछि खानाको परिकार बनाउने सीप र कलाको विकास भएको पुनको अनुभव छ ।

पछिल्लो समय वैदेशीक रोजगारीमा जानेहरू सवारी चालक, सुरक्षा गार्ड, कुकिङ, गृह निर्माण जस्ता सिपप्रती आकर्षित भएका छन् । बिना सीप विदेश जाँदा नेपालीहरू भनेको जस्तो काम नपाउने, न्यून ज्यालामा काम गर्न बाध्य हुने गरेका छन् । आधारभुत ज्ञान सीप भएमा विदेशमा गएर काम गर्न सजिलो हुने भएकाले सीपमुलक तालीमप्रति आकर्षण बढेको वेसमेटिक होटल तालीम केन्द्रका रवीन घलेले बताउनुभयो ।

घरेलु तथा साना उद्योग विकास समितिका वरिष्ठ उद्योग विकास अधिकृत मिरादेवी अधिकारीले स्वरोजगार र वैदेशिक रोजगारीमा जानेहरूलाई उपयोगी हुने तालीम सञ्चालन गरिएको बताउनुभयो ।

कार्यालयले यस वर्ष नौ सय जनालाई सिकर्मी, डकर्मी, घर वाईरीङ, पलम्वीङ, अल्लो कपडा, ढाका, खाद्य, स्वीटर बुनाई, सिलाईकटाई लगायतका तालीम प्रदान गर्ने लक्ष्य रखेको छ ।

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

# करिब दुई करोडको घुम्ती कोष

■ नवविकल्प

म्याग्दीको बेनीमा गरिबी निवारण कोष कार्यक्रमको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सहयोगी संस्था धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र (डिसीआरडीसी) र संगम म्याग्दीको आयोजनामा भएको कार्यक्रममा कोष मार्फत भएका गतिविधीको समिक्षा र आगामी योजनाको विषयमा छलफल भएको थियो ।

कार्यक्रम अन्तरगत गठन भएका ५६ वटा सामुदायिक संस्थामा आवद्ध ७३२ जनालाई घुम्ती कोष मार्फत हालसम्म एक करोड ८२ लाख ३३ हजार ५६२ रुपैया परिचालन भएको जानकारी गराइएको थियो ।

विपन्नको आयआर्जन वृद्धी गरि गरिबी निवारणमा सघाउ पुग्ने किसीमका क्रियाकलाप गर्न सामुहीक जमानीको आधारमा सहुलियत ब्याजदरमा घुम्ती कोषको रकम परिचालन गरिएको हो । कोषले उपलब्ध गराएको रकम बाख्रा, भैसीपालन, तरकारी, फलुफल खेती, ब्यापार व्यवसायको क्षेत्रमा लगानी भएको छ ।

हालसम्म साविकका १७ गाविसमा गठन भएका १८३ वटा सामुदायिक संस्थामा चार हजार ३२३ घरपरिवार आवद्ध भएका छन् । सामुदायिक संस्थामा आवद्ध भएका मध्य ८५ प्रतिशत महिला छन् । बरंजा, निस्कोट र दरवाङमा समूह गठन प्रक्रिया अघि बढेको छ । नयाँ सामुदायिक संस्था मार्फत घुम्ती कोष परिचालन गर्ने तयारी भएको छ ।

साना पूर्वाधार योजना सञ्चालनका लागि माग संकलन र सर्वेक्षण गरिएको छ । संगम मार्फत पाखापानी, चिमखोला, दाना, दोवा, हिस्तान, पिप्ले, घार, बरंजा, निस्कोट र दरवाङ तथा डिसीआरडिसी मार्फत देविस्थान, ताकम, मुना, लुलाङ, मुदी, कुहुनेमंगले, मराङ, मल्कबाङ, रूम र ओखरबोटमा गरिबी निवारण कार्यक्रम सञ्चालन भएको छ ।

कार्यक्रम लागु भएका वडाका सचिवहरू सहभागि कार्यक्रममा संगम म्याग्दीका कार्यक्रम संयोजक कुलचन्द्र रेग्मी र डिसीआरडीसीका कार्यक्रम संयोजक सुरेश पुनले संस्था मार्फत भएका गतिविधीको बारेमा जानकारी गराउनुभएको थियो । गरिबी निवारण कोषका कार्य प्रबन्धक ईश्वरा आचार्यले कोषको लक्ष्य, कार्यक्रम सञ्चालन प्रक्रियाको बारेमा जानकारी गराउनुभएको थियो ।

डिसीआरडिसीका कार्यकारी सचिव सिर्जना थापाको अध्यक्षता र संगम म्याग्दीका कार्यसमीती सदस्य उषा किसानको स्वागत मन्तव्यमा सम्पन्न कार्यक्रममा सहभागि वडा सचिवहरूले अन्य निकाय तथा संस्थाको कार्यक्रमसंग दोहोरीन नदिन, स्थानीय स्तरमा समन्वय र लगानीको प्रभावकारीताका लागि अनुगमनमा जोड दिन सुझाव दिएका थिए ।

# करिब तिस प्रतिशत पुँजीगत बजेट खर्च

■ नवविकल्प

चालु आर्थिक वर्ष २०७३र७४ को दोस्रो चौमासीक सम्म म्याग्दीमा भित्रीएको करिब तिस प्रतिशत मात्र विकास बजेट खर्च भएको छ ।

म्याग्दीमा रहेका सरकारी कार्यालयले सञ्चालन गर्ने योजना तथा कार्यक्रमका लागि चैत ८ गतेसम्म ४० करोड ४० लाख १४ हजार तिन सय रूपैयाँको अख्तियारी आएकोमा १२ करोड चार लाख, आठ हजार ६५६ रूपैयाँ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

कोष नियन्त्रक छवीन्द्र बज्जाडेका अनुसार पुँजीगततर्फ प्राप्त भएको २९.८० प्रतिशत मात्र बजेट खर्च भएको छ । ढिलागरी अख्तियारी आउनु, ठेक्का प्रक्रियामा हुने ढिलाई, निर्माण व्यवसायी र उपभोक्ता समितिको बेवास्ता र प्राविधिक जनशक्ति लगायतका कारणले विकास बजेट परिचालनमा समस्या भएको कार्यालय प्रमुखहरूले बताएका छन् ।

अधिकांश योजनाहरूको ठेक्का र उपभोक्ता समितिसंग सम्झौता भएकाले तेस्रो चौमासीकको सुरूवातसँगै विकास बजेट खर्च पनी बढेको छ । पहिलो चौमासीकमा २६ करोड ८८ लाख ५२ हजार रूपैयाँ बजेटको अख्तियारी आएकोमा एक करोड २७ लाख २४ हजार ६५७ रूपैया खर्च भएको थियो ।

कतिपय कार्यालय, आयोजना, उपभोक्ता समिति र निर्माण व्यवसायीले आर्थिक वर्षको अन्तमा हतार हतार काम गर्ने प्रवृती विकास बजेट समयमै खर्च हुन नसक्नुको मुख्य कारण रहेको छ । यसैबीच आगामी वैशाख १ गतेदेखि सरकारी कार्यालयबाट हुने सबै कारोबार बैङ्कीङ माध्यमबाट हुने भएको छ ।

महालेखा नियन्त्रकको कार्यालयको निर्देशन अनुसार नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नका लागि तलव भत्ता लगायत सम्पूर्ण कारोवारहरू समे बैङ्क खाता मार्फत भुक्तानी गर्ने जिल्ला स्थित सम्पूर्ण कार्यालयलाई जानकारी गराइएको कोष नियन्त्रक बज्जाडेले बताउनुभयो । यस्तो व्यवस्था भएपछि सरकारी रकम भुक्तानीका लागि अनिवार्य बैङ्क खाता हुनुपर्नेछ ।

# भूकम्प पीडितसंग अनुदान सम्झौता तयारी

■ नवविकल्प

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले म्याग्दीका भुकम्प पीडितसंग निजी आवास अनुदान सम्झौता गर्ने प्रक्रिया थालेको छ । म्याग्दी लगायत कम प्रभावित चौध जिल्लामा अनुदान सम्झौताको प्रक्रिया थालेको हो ।

प्राधिकरणले मंगलबार बेनीमा आयोजना गरेको कार्यक्रममा भुकम्प प्रभावितहरूलाई निजी आवास निर्माणका लागि अनुदान उपलब्ध गराउन सम्झौता गर्न लागीएको जानकारी गराइएको हो ।

प्राधिकरणका कार्यकारी सदस्य ध्रुव शर्माले लाभग्राहीको सूचीमा रहेका भुकम्प पीडितहरूसंग नगर तथा गाउँपालिकाका वडा सचिवहरू मार्फत अनुदान सम्झौता गरिने जानकारी दिनुभयो । केन्द्रिय तथ्याङ्क विभागले गत पुष र माघ महिनामा ६ जना इन्जिनियर र ६ जना सामाजिक परिचालक परिचालन गरेर म्याग्दीका भुकम्प पीडितहरूको लगत संकलन गरेको थियो ।

इन्जिनियर र सामाजिक परिचालकहरूले स्थलगत रूपमा निरिक्षण गरी संकलन भएको लगतको आधारमा लाभग्राहीको सूची तयार पारिएको छ । लाभग्राहीको सुचीमा म्याग्दीमा एक हजार ४०५ जनाको नामावली रहेका तथ्याङ्क कार्यालय वागलुङका अधिकृत मुकुन्द शर्माले बताउनुभयो ।

सरकारले प्राधिकरण मार्फत २०७२ वैशाख १२, २९ गतेको भुकम्प र त्यसपछिको पराकम्पका कारण घरमा क्षत्ती पुगेर प्रभावित भएका सर्वसाधारणलाई तिन लाख रूपैयाँ अनुदान उपलव्ध गराउने व्यवस्था गरेको छ ।

अनुदान पाउने लाभग्राहीले सरकारले तोकेको मापदण्ड अनुसारको भवन निर्माण गर्नुपर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सामाजिक विकास विज्ञ चन्द्रकान्त लौडारीले बताउनुभयो । सम्झौता गरेपछि लाभग्राहीले तोकिएको बैङ्कमा खोलेको खातामा प्रथम किस्ता पचास हजार रूपैयाँ जम्मा हुने व्यवस्था छ ।

निर्माण कार्य भैरहेको अवस्थामा दोस्रो किस्तामा एक लाख पचास हजार, छाना छाउनुअघि तेस्रो किस्ता वापत ७५ हजार र शौचालय तथा वैकल्पिक उर्जाको व्यवस्थाका लागि २५ हजार रूपैया अन्तिम किस्ता उपलब्ध गराइने लौडारीले जानकारी दिनुभयो ।

सम्झौताको प्रक्रिया र नीतिगत व्यवस्थाको विषयमा प्राधिकरणले म्याग्दीका सरकारी अधिकारी, राजनीतिक दलका प्रमुख, नगर तथा गाउँपालिकाका कार्यकारी अधिकृत र वडा सचिवहरूलाई जानकारी गराएको छ ।

जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी प्रेमराज गिरीको अध्यक्षता र सूचना अधिकृत पदम भण्डारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले राजुप्रसाद पौडेलले सम्झौता र अनुदान वितरणको कामलाई व्यवस्थित बनाउन समन्वयमा जोड दिनुभयो ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर बिक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

# चौथो राष्ट्रिय ब्याडमिन्टनमा आर्मी विजयी

■ नवविकल्प



बेनीमा शनिबार सम्पन्न चौथो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितमा त्रिभुवन आर्मीले बर्चश्व जमाएको छ । काठमाडौंको गोगंबुमा रहेको गंगटा युवा क्लबले आयोजना गरेको प्रतियोगिताको अधिकांश विधामा आर्मीले बर्चश्व जमाउन सफल भयो । एकल पुरूष तर्फ राष्ट्रिय च्याम्पियन आर्मीका रत्नजित तामाङले कठिन जित निकाल्दै आफ्नो दबदबालाई निरन्तरता दिए ।

उनले आर्मीकै नविन श्रेष्ठलाई २-१ सेटले पाखा लगाउनुभयो । तामाङले ६० हजार पुरस्कार प्राप्त गरे । खुल्ला पुरूष डबलतर्फ भने नेपाल पुलिस क्बलका सुर्य महर्जन र राम राईको जोडी च्याम्पियन बने । अत्यन्त प्रतिस्पर्धात्मक खेलमा १८-२१, २३-२१ र २८ २६को सेटमा आर्मीका अनिश श्रेष्ठ र गौरब दाहालको जोडीलाई हराउँदै पुलिस च्याम्पियन बनेको हो ।

च्याम्पियन टोलीले नगद १ लाख रूपैयाँ पुरस्कार प्राप्त गरे भने उपविजेताले ५० हजार रूपैयाँमा चित्त बुझाए । महिला एकलतर्फ आर्मीका नाङशाल तामाङ च्याम्पियन बन्दा आर्मीकै जेसिशा गुरूङ उपविजेता बनिन् । उनीहरूले नगद ५० र ३० हजार रूपैयाँ नगद पुरस्कार हात पारे । पुरूष १७ बर्षमूनिमा काठमाडौंका प्रिन्स ढकाल च्याम्पियन बने । उनले आर्मीका प्रफुल्ल महर्जनलाई सोझो सेटमा पाखा लगाए ।

उनले २० हजार नगद पुरस्कार प्राप्त गरे । डबल मिक्सतर्फ कास्कीका विशाल खड्का र यामकुमारी गुरूङको जोडी विजयी भए । उनीहरूले आर्मीका सुरज महर्जन र नाङशाल तामाङको जोडीलाई पराजित गरेका थिए । ४५ बर्ष भन्दा माथि डलबमा काठमाडौंका श्याम पराजुली र नविनबाबु श्रेष्ठको जोडी बिजेता र बागलुङका निर्माणकुमार श्रेष्ठ र चन्द्रकुवेर खापुङगीको जोडी दोश्रो भए ।


## हार्दिक बधाई



म्याग्दीको परोपकारी संस्था ओमकुमारी शान्ति कोषको शनिबार सम्पन्न तेस्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट राजेश शाक्य पुन: अध्यक्षमा,उपाध्यक्षमा हरिकृष्ण गौतम, सचिवमा लोकेश पुन मगर, कोषाध्यक्षमा खम थापा र सहसचिबमा विनय श्रेष्ठ, सदस्यहरुमा दिलकुमारी पुन, सुरेश पुन, भिमनाथ शर्मा, कृष्ण जिसी, नरेश श्रेष्ठ, सन्तोष गौतम, सन्दिप खत्री र सचिन चौधरी चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्याकालको शुभकामना व्यक्त गर्दछौ ।

ठाकुरप्रसाद आचार्य, प्रमोद शर्मा

**नवविकल्प साप्ताहिक परिवार**

बेनी, म्याग्दी



## यात्रु महानुभावहरूलाई खुशीको खबर



पश्चिम म्याग्दी यातायात प्रा.लि.को संयोजनमा २०७३ मंसिर १९ गतेदेखि बेनी-दरबाङमा अत्याधुनिक र सुविधासम्पन्न जीप सेवा सुचारु भएको व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि

**पश्चिम म्याग्दी यातायात प्रा.लि.**

दरबाङ, म्याग्दी, मोबाइल नं. ९७४१४०५०००


## बेनी ....

सफल शल्यक्रिया गरिएको चिकित्सक धिरेन मल्लले बताउनुभयो ।

"सिमीत उपकरणको बावजुद पनि जटिल किसीमका शल्यक्रिया सफल भएका छन्" मल्लले भन्नुभयो "सम्भव भएसम्म बिरामीलाई अन्त जान र मृत्युवरण गर्न नपरोस भनेर प्रयास गरिरहेका छौ ।" अस्पतालले दुई सय देखि सात हजार रूपैयाँ शूल्कमा दिने शल्यक्रिया सेवा लिन जिल्ला बाहीर जाँदा कम्तीमा पचास हजार खर्च हुन्छ ।

सुबिधा विस्तारसंगै चिकित्सक, कर्मचारीको सक्रियता, ब्यवस्थापन समितिको समन्वयात्मक भुमिका र समुदायको सहयोगबाट जिल्ला अस्पतालको सेवा प्रवाहमा सुधार आएको हो । पछिल्लो समय बेनी अस्पतालप्रति सर्वसाधारणको विश्वास बढेको अस्पतालमा बुवालाई उपचार गराउन आएका अन्नपूर्ण ८- राम्चेका भक्तबहादुर पुर्जाले बताउनुभयो ।

"पहिले सिधै पोखरा, काठमाडौ जाने बिरामी अहिले जिल्ला अस्पतालमा स्वास्थ्य परिक्षण गराए( पछि सम्भव नहुने सेवाका लागि बाहीर जाने गरेका छन्" उहाँले भन्नुभयो । शल्यक्रिया सेवाका लागि बागलुङ, पर्वत र मुस्ताङबाट समेत बिरामीहरू आउन थालेका छन् । उपचारमा चौबीसै घण्टा सेवामा तल्लीन रहने युवा चिकित्सकहरूको सक्रियता र जाँगर देखेर म्याग्दीका बासिन्दा खुसी भएका छन् ।

समयमै र सही उपचार नपाएर अकालमा ज्यान गुमाउन बाध्य यस जिल्लाका बासिन्दाको स्वास्थ्य स्थिति सुधार्न उनीहरू लागि परेका छन् । देशका कतिपय सरकारी अस्पतालले दरबन्दी अनुसारको चिकित्सक अभावको समस्या झेलीरहेको बेला बेनी अस्पतालमा १३ र दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा २ जना चिकित्सक कार्यरत छन् ।

जनशक्ति पर्याप्त भएपछि विस्तार गरेको सेवालाई निरन्तरता र दिगो बनाउन अस्पतालमा पूर्वाधार र उपकरण थप गर्न लागिएको अस्पतालका प्रमुख बरिष्ठ चिकित्सक रोशन न्यौपानेले बताउनुभयो । "ज( नशक्ति भएपछि सेवा विस्तार गरेका हौं" न्यौपानेले भन्नुभयो "यसलाई निरन्तरता दिन पूर्वाधार निर्माण र उपकरण थप गर्न पहल गरेका छौ ।"

शल्यक्रिया सेवाका लागि निक साईमन ईन्टिच्युटले अध्याधुनीक उपकरणहरू सहयोग गरेको छ । यसअघि बिरामीको ढाडमा सुई लगाएर बेहोस बनाई शल्यक्रिया गरिदै आएको अस्पतालमा स्वासप्रस्वासको माध्यमबाट बेहोस बनाउने अत्याधुनीक एनएसथेसीया उपकरण प्रयोगमा आएको छ । उपचारमा प्रयोग हुने थप सहयोगी सामाग्रीहरू खरिद प्रक्रिया अघि बढाईएको चिकित्सक न्यौपानेले बताउनभुयो ।

गर्त वर्ष हङकङमा रहेका म्याग्देलीहरूले विद्युतीय एक्सरे उपकरण उपलब्ध गराउनुका साथै त्यसको नियमीतताका लागि अक्षयकोष समेत स्थापना गरेका थिए । दक्षिण कोरिया, बेल्जीयम, बहराईनमा रहेका म्याग्देलीहरूले आकस्मिक कक्ष, रक्तसञ्चार र बिरामी कुरूवा भवन बनाएका छन् । निर्माण ब्यवसायी नारायण जिसीले शल्यक्रिया गरेका बिरामीहरू राख्नका लागि ब्यक्तिगत लगानीमा तिन कोठे भवन बनाउनुभएको छ ।

दैनिक १०० देखि १५० जनाले सेवा लिने बेनी अस्पतालमा आकस्मीक, अन्तरंग र बहिरंगका अतिरिक्त दन्त, एक्सरे, ल्याब, सुरक्षित प्रसूति, बालस्वास्थ्य, क्षयकुष्ठ, एचआईभी परिक्षण, एआरभी औषधि वितरण, सुरक्षित गर्भपतन, निशूल्क औषधि वितरण कक्ष रहेका छन् । नेपाल रेडक्रस सोसाईटीको सहयोगमा अस्पताल परिसरमा रक्तसञ्चार गृह र आखाँ उपचार केन्द्र सञ्चालन भएको छ ।

हाल ४ शैयाको आकस्मीक कक्षमा २ वटा कक्ष थप गर्ने, प्रत्येक कक्षको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने तयारी भएको अस्पताल विकास समितिका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । उहाँका अनुसार सेवामा गुणस्तर ल्याउनका लागि अस्पतालको सरसफाई, चिकित्सक, कर्मचारीको ब्यवस्थापन, बिशेषज्ञ जनशक्तिको ब्यवस्था, पुर्वाधार निर्माण र उपकरण जुटाउन मन्त्रालयसंग पहल गरीएको छ । चिकित्सक सहितको टोली गाउँमा पुगेर घुम्ती शिवीर मार्फत सेवा दिने गरेको अस्पतालले बरिरंग कक्षबाट अतिरित्त विस्तारीत सेवा समेत सुरू गरेको छ ।

२०७२ असोजमा १५ बाट बढाएर ५० शैयाको बनाइएको बेनी अस्पतालमा १० जना बिशेषज्ञ चिकित्सक सहित ६८ जना विभिन्न तहका प्राबिधिक जनशक्तिको दरबन्दी छ । यसअघि दुई जना मात्रै चिकित्सकको दरबन्दी रहेको अस्पतालमा बिशेष कक्ष बाहेक अरू सबै दरबन्दीमा पद्पुर्ति भएको छ । जनशक्ति, उपकरण र पुर्वाधारसंगै जिल्ला अस्पतालको सेवा बिशिष्टीकरण तर्फ अघि बढेको हो ।

सहरी आवास तथा भवन डिभिजन कार्यालय बागलुङले पहिलो चरणमा ५० शैया क्षमताको अस्पताल भवन निर्माणका लागि १८ करोड ८० लाख रूपैयाँमा ठेक्का सम्झौता गरीसकेको छ । गत कात्तिकमा सम्झौता गरेको रफीना- गल्वा-महादेव खिम्ती जेभीले भवन निर्माणको तयारी गरेका डिभिजन प्रमुख इन्जिनियर प्रकाश अर्यालले जानकारी दिनुभयो । २०७६ सम्ममा भवन निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

हाल अस्पतालले प्रयोग गरीरहेको भवन रहेको ठाउँमा नयाँ भवन बनाउने तयारी भएको हो । अस्पताल परिसरको खाली जग्गामा अस्थाई भवन र जनस्वास्थ्य कार्यालयको नयाँ भवनबाट सेवा सञ्चालन गर्ने अस्पताल विकास समितिको योजना छ । अस्थाई भवन तयार पारेपछि पुरानो भवन भत्काएर नयाँ निर्माणको काम सुरू हुने जनाइएको छ ।

अस्थाई संरचना निर्माणका लागि स्वास्थ्य मन्त्रालयमा ६० लाख रूपैयाँ बजेट प्रस्ताव गरिएको छ । "स्वास्थ्य मन्त्रालयले बजेट उपलब्ध नगराएपनी अस्पतालको स्रोतबाट बैकल्पिक पूर्वाधार तयार पारेर अहिले प्रवाह भैरहेको सेवा, सुबिधामा कटौती हुन नदिने प्रयास गरेका छौं" अध्यक्ष रेग्मीले भन्नुभयो ।

## ठाडाखानीको .....

उत्खनन् गर्न सकिने उहाँको भनाई छ । ठाडाखानीका बासिन्दाले तामाखानीको संरक्षण र अनुसन्धानको माग गरेका छन् । हिलो, पात पतीङ्गर र बाढीले तामाखानीभित्र पस्ने सुरूङ पुरीदै गएका छन् । एक किलोमिटर भित्रसम्म सुरूङ रहेको स्थानीय बासिन्दा बताउँछन् । पहाडको फेदीमा रहेको पाखोमा खानीबाट निकालेपछि तामा प्रशोधन गर्ने क्रममा फालीएका धातुका टुक्राहरू प्रशस्त भेटिन्छ ।

धातुको रसायनका कारण अहिलेसम्म सो पाखोमा बोटबिरूवा उम्रिएका छैनन् । ठाडाखानीमा ८० घरधुरी छन्त्याल, मगर र दलीत समुदायको बसोबास छ । उनिहरू तामा खन्नका लागि बागलुङको लामेला तमानबाट बसाई सराई गरेर आएको बुढापाकाहरूले बताउँछन् । छन्त्याल समूदायको पुर्ख्यौली पेशा तामा खन्ने रहेको थियो ।

तामाखानी सञ्चालनमा आएमा रोजगारीको सिर्जना र स्थानीय स्तरमै आयआर्जनको अवसर प्राप्त हुने ठाडाखानीका मनबहादुर बुढाथोकीले बताउनुभयो । गत वर्ष जारी भएको संबिधानले खानी संरक्षण र उत्खनन्को जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तह कार्यान्वयनमा आएसंगै ठाडाखानी लगायत म्याग्दीका विभिन्न ठाउँमा रहेका खानीहरू सञ्चालनमा आउने आशा पलाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

यस म्याग्दी जीप तथा बस सञ्चालक समिति अन्तर्गत रही यस बस तथा जीप सञ्चालन गर्न चाहनुहुने महानुभावहरुलाई आफूले चाहेको रुटमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी रुट खुल्ला रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

थप जानकारीका लागि :

**म्याग्दी जीप तथा बस सञ्चालक समिति**

प्रधान कार्यालय,बेनी,म्याग्दी

फोन : ०६९५२०८८२,९८५७६४०३६३

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२


# बोली

### योगेन्द्र श्रेष्ठ




रघुगंगा गाउँपालिकाको केन्द्र राँखु मौवाफाट हुनुपर्दथ्यो यो वा त्यो के कारणले हुनसकेन त्यहाँ धेरै कुरा लुकेका होलान, समय क्रममा बिस्तारै खुल्दै जालान त्यति बेला परिस्थिति कस्तो बन्ला त्यो हेरदै जाउला , यसैका कारण अहिले राँखु भगवती , पिप्ले र बेगखोला गाबिसका जनताहरू आन्दोलित छन, चरणबद्द आन्दोलन भैरहेका छन,तर त्यो सुनुवाइ हुने छाटकाट देखिएको छैन । स्थिति यस्तै रहिरहयो भने झन अन्यौलता बढ्दै जान्छ , त्यसैले यसको एउटै विकल्प भनेको यी ३ गाविस लाई बेनी नगरपालिका मा गाभ्नु पर्छ यहिनै अन्तिम एबम् उचित उपाय हो।

### स्वस्तीका ढकाल



नेपालमा जबसम्म "कोटा प्रणाली" को अन्त्य हुँदैन तबसम्म कुनै क्षेत्रमा उचित विकास हुँदैन। योग्यले अयोग्यबाट दमित हुनुपर्छ, प्रकृतिले हामीलाई दुईवटा जातमा मात्र विभाजन गरेको छ । फेरी जातको नाममा कुनैलाई मात्र हरेक क्षेत्रमा यतिधेरै सुविधा छन् । क्षमताका आधारमा स्वास्थ प्रतिस्पर्धा हुनुपर्छ । जातको आधारमा दया होइन क्षमताका आधार मा सम्मान मिल्नुपर्छ। विकसित देशमा पिछडिएको वर्गलाई अगाडि ल्याउन यस्ता योजना निश्चित समयावधि लागि ल्याईन्छ नेपालमा सँधै हुने स्थिति आएको छ। सबैलाई बराबर अधिकार प्रदान होस । आवाज उठाउने मुख्य विषय अब यो हो ।

### भुपेन्द्र वहादुर खड्का




देशका प्रधानमन्त्रीले चीन भ्रमणमा जाँदा कार्यवाहक प्रधानमन्त्री न त बिमलेन्द्र निधीलाई न त थापालाई सुम्पे । यो त हदैको गाईजात्रा हो। मन्त्रीमण्डलको मामुली समस्या नसुल्झाउनेले के पो नाप्ने हो जस्तो लाग्न लाग्यो नेपालीलाई। चीन भ्रमणमा साष्टङ दण्डवतको दृश्य नेपालीलै देख्न नपरोस।

### हरि पौडेल



महोत्सवमा बालमन्दिर चोकमा राखेका सवारी साधनको पार्किङग शुल्क लिने अधिकार आयोजकलाई कस्ले दियो ? उठाउनुपरे नगरपालिकाले होलानी कर उठाउने, कि नपाले ले ठेक्का दिएको हो ? सर्वसाधारणले जानाकारी पाउनुपर्छ । कुरो १० र २०को होईन, नीतिको हो ।

### दिपक कार्की



जनताको निम्ती भनिएको यो ब्यबस्थाले साँच्चै जनताहरूलाई सास्ती दिनकै निम्ती हो ? जनतालाई यो संघियता लोकतन्त्र लोक्रो न बोक्रो सावित हुने हो ? जनताको पीडा नबुझ्ने असक्षम नेता भएर जनताको दैलोमा जाने नैतिक हैसिएत गुमेको बेलैमा हेक्का होस । १५००० मतदाताको भावना नबुझ्ने अधिकारको ख्याल नगर्ने यी जनप्रतिनिधीहरू एकप्रकारका अपराधीहरू हुन, जसले भोटर सुरक्षित राख्ने नाममा कानमा तेल हालेर मुखमा रूमाल कोचेर बसेका छन । ईतिहासले यो भन्दा ठुलो भारी बोकाउने हो भने यी कसरी उभिएलान ।

### हरिकृष्ण गौतम



बर्षमा मुस्किलले ६ महिना समेत विद्यार्थी माझ नपुग्ने प्रध्यापकहरुलाई धमाधम कारवाही गरेमात्रै तलबभत्ता बृद्धिको प्रस्ताव गर्नु उचित होला ।

### निराजन थापा



परिवर्तनका लागि तिम्रा संघर्षहरुलाई म सलाम गर्छु तर याद गर तोडफोड, कुटपिट, धम्की ती गुन्डागर्दी नै हुन् भाईहरु ।

# बेनीमा सांस्कृतिक महोत्सव

■ नवविकल्प

बेनीको खुल्ला मञ्चमा बिहीबारदेखि प्रथम धौलागिरी सांस्कृतिक महोत्सव २०७३ सुरू भएको छ । राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान धौलागिरी अञ्चल समितिको आयोजनामा सुरू भएको महोत्सवको म्याग्दीका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले उद्घाटन गर्नुभयो । उहाँले महोत्सवलाई ब्यवस्थित र सुरक्षीत रूपमा सञ्चालन गर्न संयमता अपनाउन आग्रह गर्नुभयो ।

लोक संस्कृतिको संरक्षण, नव प्रतिभाको पहिचान र आन्तरीक पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यले सांगितीक महोत्सवको आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ । बेनीको खुल्ला मञ्चमा आयोजित महोत्सवमा स्थलमा १४० वटा ब्यवसायिक स्टल रहेका छन् । महोत्सवको एक लाख जनाले अवलोकन गर्ने र दुई करोड रूपैयाँ भन्दा बढीको कारोबार हुने आयोजकको अनुमान छ ।

दश दिनसम्म चल्ने महोत्सवमा राष्ट्रिय स्तरका कलाकारहरूको गायन र नृत्य प्रस्तुती मुख्य आकर्षण रहने मुल आयोजक समितिका सदस्य अमित विश्वकर्माले जानकारी दिनुभयो । महोत्सवमा खुल्ला लोकगित, सालैजो नृत्य, मौलीक झाँकी, भजन, पुरूष, महिला भलिबल प्रतियोगिता सञ्चालन भएका छन् ।

महोत्वसबाट हुने आम्दानीले कलाकार कल्याणकारी कोष स्थापना गरिने प्रतिष्ठानले जनाएको छ । महोत्सव स्थलमा प्रवेशका लागि प्रतिब्यक्ति ६० रूपैयाँको दरका टिकट बिक्री गरिनेछ् । उद्घाटन कार्यक्रममा कलाकारहरूले मेहनत गर्ने सर्जक र कलाकारले आफ्नै सिर्जनाबाट लाभ लिन नसक्दा कलाकारीता क्षेत्रनै संकटमा परेको गुनासो गका थिए । कलाकारको संरक्षण र विकासका लागि प्रतिलिपी अधिकारी ऐनको ब्यवहारिक कार्यान्वयन गर्नुपर्ने उनीहरूले माग गरेका छन् ।



शनिबार लोकगायक खड्क गबुर्जाले प्रस्तुती गर्दै । तस्विर नवविकल्प

कार्यत्रममा प्रतिष्ठानका संस्थापक अध्यक्ष अम्मर बिरही गुरूङ, बरिष्ठ उपाध्यक्ष रमेश बिजी, तारानाथ आचार्य, शंकर बिरही गुरूङ, राजनीतिक दलहरूको तर्फबाट माओवादी केन्द्रका देवराज सुवेदी, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, प्रतिष्ठान म्याग्दीका अध्यक्ष कृष्ण जिसी, बागलुङका अध्यक्ष किरण थापा, पर्वतका अध्यक्ष दिपक गदालले शुभकामना मन्तबय ब्यक्त गर्नुभएको थियो ।

प्रतिष्ठान अञ्चल कार्यसमितीका अध्यक्ष राजेन्द्र सापकोटाको अध्यक्षता, महासचिव पूर्ण परियारको सञ्चालन र बरिष्ठ उपाध्यक्ष कृष्ण अखेलीको स्वागत मन्तब्यमा सम्पन्न कार्यक्रममा अम्मर बिरही गुरूङ, चन्द्र शर्मा, शंकर बिरही, रमेश बिजी, तारानाथ आचार्य, कोपीला छिनाल, राजेश बर्देवा, ईश्वर सिङ, सिता परियार, हस्त केसी लगायतका कलाकारहरूले गित प्रस्तुत गर्नुभएको थियो ।

शुक्रबार बिमलराज क्षेत्री, तिलकबम मल्ल, चोलेन्द्र पौडेल, घनश्याम रिजाल, फुलमाया केसी, लक्ष्मी नेपाली, सरस्वती लामिछाने लगायत कलाकारको प्रस्तुती रहेको थियो ।

शनीबार खड्ग गर्बुजा र जिवन शर्माले गीत प्रस्तुत गर्नुभएको थियो । महोत्सवमा ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई निशूल्क प्रवेशको ब्यवस्था मिलाइएको छ । जेष्ठ नागरिक समाजका अध्यक्ष नैनकुमार श्रेष्ठको टोलीले प्रमुख जिल्ला अधिकारी मार्फत निशूल्क प्रवेशको ब्यवस्था मिलाउन आयोजकलाई आग्रह गरेका थिए ।


सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा

**लामा भान्छाघर एण्ड रेष्टुरेन्ट**

कोटभण्डारचोक, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु

फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा

प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair



प्रो. नरेश श्रेष्ठ

**नरेश मोबाइल सेन्टर**

हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१८०११

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

**रारा अटोमोबाईल्स**

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरू

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह

**गुप्ता फ्रेस हाउस**

क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

**पुनहिल**

पानी चाहिएमा सम्झनुहोस्

जुलेश/राजेश मल्ल

मोवाइल नंम्बर ९८४१४५४, ९८४७०७६१३३

माझफाँट १ पर्वत

होम डेलिभरीको व्यवस्था छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०

**विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स**

शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७

हाम्रा सेवाहरू

छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

**संगम ट्रेडर्स & संगम हार्डवयर**

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरू

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामाग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७


नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286